'क' वर्ग

Ankush Daily

अंकुश

दैनिक

✷ वर्ष– २७ ✷ अंक १३७ ✷ २०८३ असार ०२ गते मंगलबार ✷ Ankush Daily, Tuesday June 16, 2026 ✷ मूल्य ५

मधेस प्रदेशको बजेट ४१ अर्ब १३ करोड ८६ लाख

राष्ट्रिय समाचार समिति (रासस) जनकपुरधाम, १ असार :

मधेस प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि रु ४१ अर्ब १३ करोड ८६ लाख बजेट विनियोजन गरेको छ ।

अर्थमन्त्री युवराज भट्टराईले आज प्रदेशसभाको बैठकमा आगामी आर्थिक वर्ष कृषि नवप्रवर्तन, उद्यमशीलता प्रवर्द्धन, शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेर उक्त रकम विनियोजन गर्नुभएको हो । चालुतर्फ रु १४ अर्ब ६६ करोड ३२ लाख २९ हजार र पुँजीगततर्फ रु २६ अर्ब ४७ करोड ५३ लाख ७१ हजार विनियोजन गरिएको छ ।

खर्चका स्रोतमध्ये आन्तरिक राजस्वतर्फ रु ११ अर्ब २२ करोड ७५ लाख, राजस्व बाँडफाँट रु १२ अर्ब ८३ करोड, विय समानीकरण रु नौ अर्ब ४९ करोड ५९ लाख र गत वर्षको नगद मौज्दात रु छ अर्ब आठ करोड ५२ लाख अनुमान गरिएको छ ।

प्रदेश सरकारले सुशासन कायम गर्न 'हेलो सिएम एप' र 'हेलो मुख्यमन्त्री टोल फ्रि नम्बर' सञ्चालन गर्ने घोषणा बजेटमार्फत गरेको छ । अर्थमन्त्री भट्टराईले १८ देखि ३५ वर्षका युवालक्षित सय दिने रोजगारी ग्यारेन्टी कार्यक्रम पनि घोषणा गर्नुभएको छ ।

'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' कार्यक्रमलाई परिमार्जन गरी आगामी आवमा 'शिक्षित छोरी, सुरक्षित मधेस, उद्यमशील नारी समृद्ध प्रदेश' कार्यक्रम सञ्चालन गरिने भएको छ ।

आगामी आवमा रु. एक करोड भन्दा कम लागतका योजनामा

बाँकी अन्तिम पेजमा

पर्सा भूमिप्रशासनमा करोडौँको लाभकर छली ठूला माछा जोगाउन अनुसन्धान गुपचुप पार्ने प्रपञ्च

बीरगन्ज, १ असार ।

भूमिप्रशासन कार्यालय पर्सामा कार्यरत कर्मचारीहरुले जग्गा रजिष्ट्रेसनमा नक्कली विलको प्रयोग गरेर राजस्व छलिका घटनाहरु गर्दै आएको पुष्टि भैसकेको कुरा हो। उनीहरु यही कसुर गरेको कारण अख्तियार दुरुपयोग अनुसन्धानको कार्यवाहीमा परेर अदालतको आदेशमा कोही जेल सजाय भोगी रहेका छन भने कोही धरौटीमा तारेखमा बसेका छन । पुर्व मालपोत कार्यालयका प्रमुखदेखी खरिदारसम्म यो प्रकरणमा मुछिएको पाइएको छ । प्रत्येक पाचवर्षमा यो कार्यालयका कर्मचारीहरु आर्थिक अपराध अर्थात राजस्व छलि, अनियमितताको आरोपमा कारवाईमा पर्दै आएका छन । अहिलेसम्म दर्जन बढी कर्मचारीहरु यो कार्यवाहीमा परेका छन । पछिल्लोचरणमा भने यो प्रकरणमा लेखनदासहरुको पनि संलग्नता देखिन थालेको छ । विशेषत लाभकर छलिमा उनीहरुको संलग्नता पुष्टि भएपनि अहिले यो विषयलाई गुपचुप लुकाउने प्रपञ्च रचिन थालेको छ । भुमि प्रशासन कार्यालय पर्साका कार्यालय प्रमुख खेमराज खत्रीले चर्चित लेखापढी सेवा शुभलाभ लेखापढीका संचालक ओमप्रसाद यादवलाई सेवाग्राहीबाट मोटो रकम असुल गरेर साढे चार लाख लाभकर भुमि प्रशासनमा नबुझाएर अनियमितता गरेको खुलासा गरेका हुन । उनले ओमप्रसाद यादवले लिएका भुसेवा पनि खारेज गरेका छन । यसैगरी भुमि प्रशासन कार्यालय पर्साबाट जिल्ला प्रहरीमा यसबारेमा लिखित उजुरी गरेर लेखनदास यादवसहित जग्गाधनी, र कार्यालयका केही कर्मचारी विरुद्ध उजुरी गरे । उनीहरु हाल पर्सा जिल्ला अदालतबाट घरौटीमा रिहा भएका छन । तर यसैमा यो प्रकरण सकिएको

बाँकी अन्तिम पेजमा

अल्पकालीन लोकप्रियताभन्दा दीर्घकालीन आर्थिक सुधारमा केन्द्रित छ बजेट: अर्थमन्त्री

राष्ट्रिय समाचार समिति (रासस) काठमाडौँ,१ असार :

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आगामी आर्थिक वर्षको बजेट अल्पकालीन लोकप्रियताभन्दा दीर्घकालीन आर्थिक सुधारलाई केन्द्रमा राखेर ल्याइएको बताउनुभएको छ ।

राष्ट्रियसभामा आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको अनुमानमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उहाँले बजेट कार्यान्वयनमा चुनौती रहे पनि नयाँ ढङ्गले अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

अर्थमन्त्रीले बजेट सुशासन, मध्यम वर्गको विस्तार, रोजगारी सिर्जना तथा निजी क्षेत्रको प्रवर्द्धनलाई केन्द्रमा राखेर निर्माण गरिएको बताउनुभयो । निर्वाचनपूर्व सार्वजनिक गरिएको प्रतिबद्धतापत्रअनुसार आर्थिक, राजनीतिक तथा न्यायिक सुशासनलाई प्राथमिकतामा राखिएको उहाँले बताउनुभयो ।

"हामीले सुशासनलाई केन्द्रमा राखेका छौं, आम नागरिकको चासोका विषय आर्थिक, राजनीतिक तथा न्यायिक सुशासनलाई अगाडि बढाएका छौं," उहाँले भन्नुभयो, "मुलुकको समृद्धिका लागि मध्यम वर्गको विस्तार आवश्यक छ । निम्न आय भएका वर्गलाई माथि उकास्दै मध्यम वर्ग विस्तार गर्न खोजिएको हो । गरिब तथा तल्लो आय भएका वर्गलाई बेवास्ता गरिएको भन्ने टिप्पणी वास्तविकताभन्दा फरक छ ।"

उहाँले २१ वटा आर्थिक क्षेत्र पहिचान गरी आगामी पाँच वर्षमा १२ लाख रोजगारी सिर्जना गर्ने लक्ष्य बजेटले लिएको जानकारी दिँदै सडक पूर्वाधार विस्तार, प्रवासी नेपालीलाई लगानीकर्ता तथा विकासका संवाहकका रूपमा परिचालन गर्ने नीति तथा निजी क्षेत्रलाई आर्थिक वृद्धि र लगानीको प्रमुख साझेदारका रूपमा अघि बढाइएको बताउनुभयो ।

कोभिड-१९ महामारीपछि नेपालको अर्थतन्त्र पूर्णरूपमा पुरानो रुपमा फर्किन नसकेको उल्लेख गर्दै उहाँले निजी लगानीमा अझै अनिश्चितता रहेको स्वीकार गर्नुभयो । "मध्यम वर्गको क्रयशक्ति कमजोर हुँदा अर्थतन्त्र चलायमान हुन सक्दैन," उहाँले भन्नुभयो, "त्यसैले आर्थिक पुनरुत्थानका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरेका छौं ।"

सामाजिक सुरक्षाका कार्यक्रम कटौती नगरिएको, बरु थप विस्तार गरिएको उल्लेख गर्दै उहाँले कृषि आधुनिकीकरण, श्रमिक सुरक्षा, कृषि बिमा, रोजगारी तथा स्टार्टअप

बाँकी अन्तिम पेजमा

चालु आर्थिक वर्षको ११ महिनामा पुँजीगत खर्च ३२ दशमलव ५३ प्रतिशत

राष्ट्रिय समाचार समिति (रासस)
काठमाडौँ, १ असार :

चालु आर्थिक वर्षको ११ महिनामा पूर्वाधार तथा विकास निर्माण लक्षित पुँजीगत खर्च रु एक खर्ब ३२ अर्ब ६६ करोड ७७ लाख भएको छ । महालेखा नियन्त्रक कार्यालयको दैनिक बजेटरी विवरणअनुसार चालु आवको ११ महिनामा कूल लक्ष्यको ३२ दशमलव ५३ प्रतिशत पुँजीगत खर्च भएको हो ।

सरकारले चालु आवमा रु चार खर्ब सात अर्ब ८८ करोड ८० लाख रकम पुँजीगत खर्चतर्फ विनियोजन गरेको छ । चालु आव सकिन एक महिना मात्रै बाँकी रहेको अवस्थामा पुँजीगत खर्च भने पर्याप्त हुन सकिरहेको छैन ।

चालु आवमा चालु खर्चतर्फ रु ११ खर्ब ८० अर्ब ९८ करोड खर्च गर्ने लक्ष्य राखेकामा ११ महिनामा ७६ दशमलव ९१ प्रतिशत खर्च भएको छ । वित्तीय व्यवस्थापनतर्फ वर्षभरिमा रु तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख खर्च गर्ने लक्ष्य राखिएकामा हालसम्म रु तीन खर्ब पाँच अर्ब ७१ करोड ८१ लाख खर्च भएको छ ।

वीरगञ्ज भन्सारको प्रगति ८८.८९ प्रतिशत
जेठसम्म उठ्यो २ खर्ब २१ अर्ब ५२ करोड रुपैयाँ राजस्व

वीरगञ्ज, १ असार ।

चालु आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्ममा वीरगञ्ज भन्सार कार्यालयले कुल २ खर्ब २१ अर्ब ५२ करोड रुपैयाँ राजस्व संकलन गरेको छ। यो जेठ महिनासम्मका लागि निर्धारित २४ हजार ९१९ करोड रुपैयाँ लक्ष्यको ८८.८९ प्रतिशत प्रगति हो। जेठ महिनामा मात्रै कार्यालयले २६ अर्ब २ करोड रुपैयाँ राजस्व संकलन गर्ने मासिक लक्ष्य पाएकोमा ८४.८८ प्रतिशत अर्थात् २२ अर्ब ८ करोड ४५ लाख रुपैयाँ असुली गर्न सफल भएको छ। भन्सारको उपलब्ध तथ्यांक अनुसार जेठको अन्तिम दिन (३१ गते) मात्रै ४१.८६ करोड रुपैयाँ राजस्व संकलन भएको छ ।

भन्सार विभागको कुल ५ खर्ब ८८ अर्ब २५ करोड रुपैयाँको देशव्यापी वार्षिक राजस्व लक्ष्यमध्ये वीरगञ्ज भन्सार एक्लैलाई ४६.४७ प्रतिशत अर्थात् २ खर्ब ७३ अर्ब ३९ करोड रुपैयाँको ठूलो जिम्मेवारी सुम्पिएको छ। चालू आर्थिक वर्षको ११ महिना बितिसक्दा वीरगञ्ज भन्सारले विभागको कुल वार्षिक लक्ष्यमा ३७.६६ प्रतिशत योगदान दिइसकेको छ।

साउनदेखि जेठसम्मको समग्र मासिक राजस्व असुलीको प्रवृत्तिलाई केलाउँदा भन्सारको प्रदर्शन उतारचढावपूर्ण तर सन्तोषजनक देखिन्छ। चालू आर्थिक वर्षको साउनमा

बाँकी अन्तिम पेजमा

सूचना ! सूचना ! ! सूचना ! ! !

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं
सडक डिभिजन हेटौँडा
मकवानपुर

सडक डिभिजन हेटौँडाको सडक सीमा खाली गरिदिने सम्बन्धी अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति २०८३/०३/०२

यस डिभिजन अन्तर्गत त्रिभुवन राजपथको सिरसिया मितेरी पुलदेखि बहुअरी गण्डक चोक सडक खण्डमा सडकको केन्द्र रेखाबाट दायाँ बायाँ २५-२५ मिटर सडक सीमा संरक्षण कार्य मिति २०८३/०१/०६ गतेबाट प्रारम्भ गरेकोमा उक्त कार्य पश्चात् पनि क्षतिग्रस्त भवनमा हालसम्म पनि बसोबास र व्यापार गरिरहेको बुझिएकोले उक्त जोखिमयुक्त भवनहरूमा बसोबास नगर्न तथा व्यापार व्यवसाय सञ्चालन नगर्न यस डिभिजन अनुरोध गर्दछ । यस सूचनालाई अवज्ञा गरी कुनै अप्रिय घटना घटेमा निज स्वयम् जिम्मेवार हुने व्यहोरा जानकारी गराइन्छ । साथै सडक सीमा भित्र बाँकी रहेका संरचनाहरू ५ (पाँच) दिन भित्र आफैँ हटाउनुहुन अनुरोध छ । अन्यथा यस डिभिजनबाट सडक ऐन, २०३१ बमोजिम सडक सीमा संरक्षण कार्य अन्तर्गत सडक सीमा भित्र रहेका संरचनाहरू हटाइने व्यहोरा समेत जानकारी गराइन्छ ।

डिभिजन प्रमुख
सडक डिभिजन हेटौँडा